Sub.Code : 9011

# NEB - GRADE XII
## 2080 (2023)
## सामाजिक अध्ययन तथा जीवनोपयोगी शिक्षा
### (प्राविधिक धारतर्फ)

(रजिष्ट्रेशन नम्बर शुरुका दुई अङ्क ७९ हुने प्राविधिक धारतर्फका नियमित परीक्षार्थीहरूका लागि मात्र)

*विद्यार्थीहरुले सकेसम्म आफ्नै शब्दमा उत्तर दिनुपर्नेछ । दायाँ किनारामा दिइएको अङ्कले पूर्णाङ्क जनाउँदछ ।*

*समय : ३ घण्टा* *पूर्णाङ्क : ७५*

**सबै प्रश्नको उत्तर दिनुहोस् ।**

**समूह 'क'**

**अति संक्षिप्त उत्तरात्मक प्रश्नहरु** ११x१=११

१. प्राविधिक तथा व्यवसायिक शिक्षाको अर्थ एक वाक्यमा प्रष्ट पार्नुहोस् ।

२. अन्तर्राष्ट्रिय तिथि रेखा भनेको के हो ?

https://dhanrajgurung.com/

३. तपाईं आफू बसोबास गर्ने प्रदेश भन्दा अन्य कुनै प्रदेशको समाजिक जनजीवन बुझ्न चाहनुहुन्छ । यस सम्बन्धमा त्यहाँका एक बौद्धिक व्यक्तित्वसँग सोध्ने कुनै दुई सान्दर्भिक प्रश्नहरुको नमूना तयार पार्नुहोस् ।

४. ललितकलामा प्यागोडा शैली भनेको के हो ?

५. नेपालमा सामाजिक समावेशीकरणको औचित्य पुष्टि गर्नुहोस् ।

६. मध्यकालीन नेपालमा 'नेपालमण्डल' भन्नाले के बुझिन्थ्यो ?

७. राणाकालीन नेपालको कानूनी अवस्था दुई बुँदामा उल्लेख गर्नुहोस् ।

८. तपाईं नेपाल अधिराज्यको संविधान, २०४७ को सबैभन्दा कमजोर पक्ष के हो भन्ने ठान्नुहुन्छ ? एक वाक्यमा आफ्नो तार्किक विचार प्रस्तुत गर्नुहोस् ।

९. जीवनोपयोगी शिक्षाले मानिसलाई व्यवहारिक बनाउन कसरी मद्दत गर्छ ? दुई बुँदामा प्रष्ट पार्नुहोस् ।

१०. तपाईं कुनै विषयमा अनिर्णित हुने अवस्था भएमा कसरी समस्या समाधान गर्नुहुन्छ ? आफ्नो योजना दुई बुँदामा प्रष्ट पार्नुहोस् ।

https://dhanrajgurung.com/

११. जलवायु परिवर्तनको वातावरणीय प्रभाव न्यूनीकरणका कुनै दुई उपायहरु उल्लेख गर्नुहोस्।

**समूह 'ख'**

**संक्षिप्त उत्तरात्मक प्रश्नहरु** ८x५=४०

१२. नेपालमा प्राविधिक तथा व्यवसायिक शिक्षाको ऐतिहासिक विकासक्रम छोटकरीमा वर्णन गर्नुहोस्।

१३. 'सामाजिक विविधताले सामाजिक सद्भाव एवं एकता अभिवृद्धि गर्न महत्त्वपूर्ण भूमिका खेल्न सक्छ।' नेपालको सन्दर्भमा प्रष्ट पार्नुहोस्।

१४. तपाइँ बसोबास गर्ने भौगोलिक क्षेत्रमा त्यहाँको भू-बनौट र हावापानीले तपाइँको समुदायको जीवनशैलीमा कस्तो प्रभाव पारेको छ ? कुनै पाँच बुँदामा उदाहरणसहित प्रष्ट पार्नुहोस्।

१५. नेपाली चित्रकलाका विशेषताहरू पाँच बुँदामा उल्लेख गर्नुहोस्।

१६. वि.सं. २००७ देखि वि.सं. २०१७ सालसम्मको अवधिमा सरकार अस्थिर हुनुका कुनै पाँच कारणहरु पहिचान गर्नुहोस्।

१७. नेपालको राष्ट्रिय सुरक्षामा के कस्ता वाह्य तथा आन्तरिक चुनौतीहरू छन् ? विश्लेषण गर्नुहोस्।

https://dhanrajgurung.com/

१८. तपाइँले फरक सामाजिक परिवेशमा आफ्ना विचारहरू प्रस्तुत गर्दा के कस्तो असहजता अनुभव गर्नु भएको छ ? आफ्ना अनुभवहरू पाँच बुँदामा प्रष्ट पार्नुहोस्।

१९. नेपालमा बसाँइसराई व्यवस्थापन गर्न कस्ता रणनीतिहरु अपनाउनुपर्ला ? पाँच बुँदामा प्रष्ट पार्नुहोस्।

**समूह 'ग'**

**विस्तृत उत्तरात्मक प्रश्नहरु** ३x८=२४

२०. 'नेपालको ललितकला सामाजिक जीवनशैलीको प्रतिविम्व हो।' उदाहरणसहित प्रष्ट पार्नुहोस्।

२१. प्राचीनकालीन नेपालको आर्थिक, सामाजिक तथा राजनीतिक अवस्थाबाट अहिलेको समाजले सिक्नुपर्ने विषयहरु उल्लेख गर्नुहोस्।

२२. नेपालमा संविधान छिटो छिटो परिवर्तन हुनुका कारण र प्रभाव विश्लेषण गर्नुहोस्।

-०-

https://dhanrajgurung.com/